# असिना छल्दै, पोथना

आभास

*आमी एक यायावर*
*पृथ्वी आमाके आपोन कोरेछे*
*भुलेछी निजेर घर*
**(भुपेन हजारिका)**

यसपालीको दशैंमा त्यस्तै यायाबरी धुन चल्यो । तर जाने कता ? कुनै टुंगो थिएन । विना टुंगो र विना योजना कतै निस्कने निधो भो । देवेन्द्रले भन्यो- 'पोखरालाई केन्द्र मानेर घुमौं । मनपर्दो पाराले ।' लाग्यौं पोखरातिर । दुबैबीच एउटा अघोषित शर्त कायम भए झैं थियो । निजी र पारिवारिक चाडका रुपमा स्थापित भएको छ दशैं । त्यसैले सकभर परिचित बन्धुहरूका घरेलु निम्तालाई हार्दिकतापूर्वक टार्ने । ढाँट्दा जोगिने तर सत्य बोल्दा फसिने यन्त्र, जो हामी बोक्ने गर्छौं । त्यसले हाम्रो अघोषित शर्तलाई पोखराको भूमी टेक्नासाथ भङ्ग गरिदियो । देवेन्द्रले मोबाइलमा बोलेको सुनेथैं- 'दाजु हामी पोखरामै छौं ।' मोबाइलमा वार्ता गर्दा अधिकांश समय आफू रहेको स्थान छिपाउन सिपालु उसको यो सत्यवचन मलाई अचम्म लागिरहेथ्यो । त्यसको केही मिनेटमै एकजना सेताम्य दाह्री भएका व्यक्तित्वको आगमन भयो । बाम्बार पोखरा आउँदा पनि भेट नभएका झलक दाइ यिनै रहेछन् । मान्छे सानाकाँटीका तर प्रभावशाली । विमानस्थलको सामुन्नेबाटै झलक थापाको मोटरसाइकिल-'स्कटिङ' मा परियो । धन्न उनको मनोरम आँगनमा चियापानसितै देश, दर्शन र वाइन-वार्ता बाहेक अन्य खाद्य-आतङ्कले स्थान पाएन । झलक दाइका स्वप्निल योजना सुन्दा जति आनन्द आउँथ्यो देशका नेतावृन्द र उनीहरूको अवस्था सम्झँदा उत्तिक्कै विरक्त लाग्थो । हामी यस्तै अनेकौं विरक्तिबाट क्षणिक मुक्तिकानिम्ति यायावर बनेका । भुपेनको गीतमा प्रयोग भएको एउटा अर्को शब्द छ । लक्ष्यविहीन । हामी त्यस्तै लक्ष्यविहीन यायावर । झलक दाइकै आँगनबाट योजना तय भयो । धम्पुसतिर लाग्ने । छोटो समयको पदयात्रानिम्ति उपयुक्त परामर्श । ल ! त्यतै लाग्ने । पोखरा पुगेपछि तीर्थ दाइको आँगान कसरी नाघ्ने ? कवि तीर्थ श्रेष्ठकै साथ लागेर पञ्चासेतिर लाग्ने कि भन्ने पनि थियो । त्यसैले उनलाई भेटे झैं पनि हुने र आफ्नो स्वार्थ पनि पुरा हुने जुक्ति निस्कियो । अलि गह्रौं झोला उनकैमा विसाऊँ र बाटो तताऊँ । तर तीर्थ दाइ जो पर्नुभो । खाना खाएपछि मात्र छुटकारा पायौं । तीर्थ दाइ औपचारिक हुनुहुन्न । हामीजस्तै सरल । त्यसैले यहाँ खाद्य आतङ्क भने भोग्नु परेन ।

फेदीसम्म ट्याक्सीमा हुइँकियौं । हामीले भाडा हातमा थमाएपछि ट्याक्सीवाला रामबहादुरको अनुहार निकै चम्किलो भयो । मैले सोचे- उसलाई आज राम्रै आम्दानी भए झैं छ । अब हामीलाई केही वित्दो छैन । खुट्टामा ट्याक्सीमा जस्तो मिटर जडान छैन क्यारे ! दिन अष्टमीको पाइला पञ्चमीका । सुस्तरी ढुंगे खुड्किला चढ्न सुरु गर्छौं । उकालोको प्रारम्भमै च्याङ्ग्रा घिच्याउदै गरेका दुई युवक भेटिन्छन् । उनीहरूलाई उछिन्दै अघि बढ्छौं । अलिक अग्लाईमा पुगेर च्याङ्ग्रा घिच्याइरहेका युवकतिर हेर्छु र भन्छु- 'खाने कुरामा भने विवादास्पद छैन है दशैं ! हामी एक छौं !' देवेन्द्र सुस्तरी मुस्काइ दिन्छ । भन्छ- 'यसपाली अचम्म भो है दाजु ! दशैं मान्नु हुन्न भन्ने मतका मित्रहरूबाट बढी शुभकामना सन्देश आइरा'ख्या छन् ।' मैले

अनुभूत गरेको कुरा उसले पनि गरेको रहेछ । तर यसपाली मैले कसैलाई पनि शुभकामना फर्काइन । कसैको अशुभ सोचेर होइन । खै किन हो किन मन लागेन । होइन हामीले के विजय हासिल गरेका छौं र विजया-दशमी ? हामी पुराना कुरा कोट्याएर मात्र आफ्नो पहिचान कायम गर्न सक्छौं भन्ने गलत चिन्तनमा छौं । हामी जहाँ छौं त्यहीबाट किन सोच्दैनौं ? अघि बढ्ने नाममा किन पछाडी फर्कन्छौं ? एक्लै यसरी सोच्ने यो मेरो दुःखी बानी छ ।

जामुनेको डीलमा पुगेर पूर्व फर्कँदा बीचको नदी किनारको फाँट बडो मनोरम देखिन्छ । दुई हरिया डाँडाबीच पहेलपुर सुनको बिस्कुन सुकाए जस्तो । यो दृश्यले म फेरि भुपेनकै गीतको सम्झनामा हराउँछु । गीतमा रहेको यायावर (घुमन्ते) गङ्गादेखि मिसिसिपी र भोल्गाको रुपको वयान गर्छ । तासकन्दको मिनारमा बसेर गालीवको शेर सुनेको स्मरण गर्छ । मार्क ट्वेनको समाधीमा बसेर गोर्कीको कथा वाचन गर्न चाहन्छ । पोखरा बजार छोडेको पौनेघण्टामै देखिएको यो दृश्यले जो कोही पनि उद्वेलित हुनु स्वभाविक हो । तर म भने भुपेनले बयान गरेको त्यही यायावर जत्तिकै सम्झन्छु आफूलाई । गाउँको किनार हुँदै उभो लाग्छौं । सपक्क मिलेका धानका गहरा । मन्द हावामा झुल्दै गरेका तिनका बाला । एउटा अद्भूत आनन्द । तर परियो किसानको छोरो । सम्झन्छु आफ्नै गाउँको बाल्यकालको असार । हिलोमा ठोस्दा ठोस्दा पिल्सिएका रोपारका बूढीऔंला । कोदालीले छड्के काट्दा बाउसेका पिँडुलाको घाउमा बाधिएका झुत्रे र मैले पट्टी । यसरी सुन्दरताको नेपथ्यमा लुकेका अनेकौं दृश्य मानसपटलमा द्रूतगतिले दौडन्छन् । हाम्रो हिँडाइको गति भने उही नै छ । शान्त र सौम्य । बाटोमा केही जर्मन पर्यटक र तिनका नेपाली सहयात्री भेटिन्छन् । भारी बोक्ने काभ्रेका युवा र पथप्रदर्शक बौद्धका जवानसित सामान्य परिचय गर्छौं । हामी कसैसित पनि लामो वार्ता गर्दैनौं । लामो वार्ता गर्दा बढी वुद्धीविलाशमा मात्र फसिन्छ भन्ने डर लाग्छ हिजोआज । त्यसैले अल्पवाणी धारणतिर लागेको छु । हिँडेको पौने दुईघण्टामै हामी धम्पुसको उचाइमा पुग्छौं ।

वाऊ ! ! ! आयातित शैलीमा चिच्याउन मन लाग्छ । आँखा अगाडि भीमकाय माछापुछ्रे र अन्नपूर्ण शृंखला । यतै खुला चउरमा पाल टाँगेर सिङ्गै रात छर्लङ्ग काटूँ जस्तो । तर हामीले रात काट्ने योजना गरेको गन्तव्य छ पोथना । धम्पुस गाउँको छेउमा ठडिएको लिङ्गे पिङको तस्विर उतार्छु । पिङको डोरीमा कोही पनि झुण्डिएका छैनन् । अलिपर रागाको अङ्गभङ्ग गर्न व्यस्त छ ठूलो जमात । अगिपछि पनि सामान्य रुपमा देखापर्ने यो पहाडी गाउँको दृश्य । आज त झन् सहज देखिन्छ । अष्टमी जो पर्‍यो । बाटामै लमतन्न तन्किएको एउटा अधबैंशे मानव शरीर छल्दै तेर्सो लाग्छौं । घरको पर्खालबाट चियाउँदै गरेको एउटा युवक लमतन्न शरीरतिर संकेत गर्दै गाउँको इज्जत जोगाउने शैलीमा भन्छ- 'दशैं हो केरे ! त्यसैले ढुंगाको सिरानीमा मस्त छन् यिनी ।' हामी मुस्काउँदै लम्कन्छौं । रागाको खुट्टा डोकामा कोच्दै गरेकी युवतीलाई सोध्छु- 'बैनी ! पोथना कतिबेरमा पुगिन्छ ?' भन्छे- 'जङ्गलै जङ्गल एक घण्टा ।' गाउँ सिरानको घर कटेर जङ्गल प्रवेश मात्र के गर्छौं । उत्तरी भेगको आकाश कुर्लन थाल्छ । ओत्ने साधन छैन । भनी हालें नि योजना रहीत यायावर जो भइएको छ । रुझ्ने आँट भने छैन । फेरि भयौं 'व्याक टु मङ्गलमान' । पानी थामिएपछि हिँडुला । रेस्टुरा जडित निवासको पिँढी ताक्छौं । थाप्लोमाथिका जस्ताका पाता बेजोडले कट्किन थाल्छन् । गुरुङनी दिदी आँगनमा वज्रदै गरेका असिनातिर हेर्दै उदास हुन्छिन् । यस्तै अवस्था आइपर्दा मेरी हजुरआमाले आँगनमा फलामे ओदान उत्तानो पारेको विगत सम्झन्छु । यसो गर्दा असिना पर्न रोकिन्छ भन्ने अन्धविश्वास रहेछ । यी गुरुङ्नी दिदी भने त्यस्तो कुनै क्रियाकलाप गर्दिनन् । 'तल वेँसीतिर

असिना कम परिदिए हुन्थ्यो ।' बेँसी गएका खसमको बाटो हेर्दै सुस्केरा काढ्छिन् । हेर्दाहेर्दै आँगन र पाखा सेताम्य हुन्छन् । हामीले हिमपात जस्तै मनोरम र अचम्मको दृश्य देख्न पायौं । तर मन भने त्यति रमाएको छैन । अघि देखेका धानका बालामा असिनाले गरेको वज्रप्रहारले मन खल्लो हुन्छ ।

असिना पानी मत्थर हुन्छ । आँगनको असिनाको रास टेक्दै फेरि लाग्छौं गन्तव्यतिर । जङ्गलको मध्यमा पुगेपछि उत्तरतर्फ खुलेको हिमाली शृंखलाले मन फेरि मोहीत हुन्छ । धन्य हो प्रकृति ! मान्छेलाई दुःख र आनन्द दुबै दिन कञ्जुस्याइँ गर्दैन । हाम्रो अधिनमा नरहेका कुरामा दुःखी भएर गर्ने के ? हिमाली चुचुरामा परेको पश्चिमी घामको किरणले हामी कुनै अद्‌भूत संसारमा पुगेको भानमा पर्छौं । दुबैका क्यामेराले फुर्सद पाउँदैनन् । जङ्गल कतिखेर सकिन्छ पत्तै पाउँदैनौं ।

पोथना पुग्दा अघिका सबै दृश्यलाई माथ गर्ने परिवेश छ । हिमालले आँखीभौं नै छोलान् जस्तो । अघिको असिना पानीले पखालिएको स्निग्ध प्रकृति । बासस्थान भएभन्दा पर डीलसम्म पुग्छौं र मन मस्तिष्कभरि छापिनेगरि दृश्यपान गर्छौं । क्षितिज विस्तार अँध्यारिँदै जान्छ । हामी गुरुङ गेस्टहाउसको टेवलमा गफिन्छौं । पोखराको लेक साइडका होटलहरू खचाखच छन् यतिबेला । त्यहाँ नेपाली पर्यटक पनि कम छैनन् । जसलाई हामीले यो यात्राभरि 'नेपाली गोरा' भन्दै आएका छौं । यहाँ पनि सुनसान त छैन । तर गुरुङ गेस्टहाउसको पाहुनामा हामी बाहेक अरु दुईजना नेपाली मात्र छन् । देवेन्द्र र म कोदाको 'पा'सितै गफिन्छौं- 'हामीले घुम्न सिकेजस्तै पोथनाले पनि बिस्तार हामी जस्ता 'नेपाली गोरा'लाई पनि आकर्षित गर्न सिक्छ होला । आशा गरौं !' मनतातो 'पा'ले कतिखेर सुर पक्डियो थाहै भएनछ । ब्युँझँदा झ्यालबाट हिमाली हावा सरसराइरहेको थियो ।

बिहानसम्मै त 'पा'को असर पक्कै होइन होला । सोधखोज बेगरै बाटो लागेछौं । अलिपर जङ्गलमा एकजना गुरुङ दाइ मरीमरी च्याङ्ग्रा नै घिच्याउँदै थिए । सोध्यौं- 'ठूलाखर्क पुग्न कति समय लाग्छ दाइ ?' हाम्रो मुहारमा उदेकले हेर्छन् । 'लौ यताबाड काँ हो त ठूलाखर्क ? यो ता लान्द्रुक, घान्द्रुक जाने बाटो पो हो ता !' धन्न यिनको च्याङ्ग्राले यिनलाई अल्झाइदिएछ र यिनीसित हाम्रो भेट भयो । नत्र हामी ठूलाखर्कको खोजीमा लान्द्रुक पुग्ने रहेछौं । फिर्‍यौं । अघि बिदा भएकामध्ये कसैले सोधे के भन्ने ? सल्लाह भो । भनिदिऊ- 'परसम्म तस्वीर खिचेर फर्केका ।' हामीभित्रको लाजले यसरी झुटो बोल्न सिकाइरहेको थियो । लाज पचेकाले मात्र झुट बोल्छन् झैं लाग्थ्यो । होइन रहेछ कि कसो ? टाउको निहुराउदै फर्कियौं । धन्न कसैले केही सोधेन ।

छिनछिनका परिदृश्यले अघिल्ला दृश्यलाई जिते झैं । यो बिहान पनि त्यत्तिकै प्रभावशाली । ठूलाखर्कको छेउमा प्रवेश मात्र के गरेथ्यौं । हिमालै थर्कैने गरी फुर्किऊँ जस्तो । दुई चार घरमात्र अवस्थित सपाट खर्क । हिमालीसित लुक्छु भन्दा पनि धर नपाइने खुलापन । दूध र पोरिच खाँदै गर्दा पोखरामा इञ्जिनयरिङ गरिरहेका ध्रुवको सल्लाहमा खर्कको पूर्वी छेउबाट दृश्यावलोकन गरेर मात्र ओरालो झर्ने भयौं । ढिस्कोमा उभिँदै गर्दा एकजना देवकोटाबाजे जङ्गलमा हराएको भैंसीको घण्टीको चाल सुनिरहेका हुन्छन् । हामी अनेकौं गाईबस्तुका घण्टीका आवाज सुन्दै काँडेतिर झर्छौं । हामीलाई काठमाण्डौ फर्कने मनै छैन । बाग्लुङको बस समात्छौं

र हानिन्छौं कुस्मातिर । हामी कुस्मा पुगेको खबरले नारायण अमृत पसिनिँदै आफ्नो गाउँबाट बजार भित्रन्छ । शिवालयचोक अगाडी गुरुङनी दिदीको टेवल ओगट्छौं । खोल्छौं 'आँगन' र 'मझेरी' जो झोलामा सुरक्षित थिए । भन्छौं- 'नारायण हामीले छोटो अवधिमा अति आनन्ददायी र रोमाञ्चक यात्रा गर्‍यौं ।' उ हाम्रो आनन्दलाई अफ्नो गाउँसम्म लम्ब्याउने सुरमा हुन्छ । भन्छ- 'यस्तो आनन्दित मन लिएर छिटै 'तनाव डट कम'मा भित्रनु हुन्न । जाउँ घरतिर ।' उसले काठमाण्डौलाई 'तनाव डट कम' भन्ने गरेको छ । यहाँ भने हामीले हाम्रो अघोषित शर्तलाई कायमै राख्यौं । बरु उसलाई समेत टिपेर बाग्लुङ घुम्दै फर्कियौं 'तनाव डट कम' तिर ।

*आमी एक यायावर*
*पृथ्वी आमाके आपोन कोरेछे*
*भुलेछी निजेर घर*

जहाँ अब म भुपेनलाई एकपल्ट फेरि सुनेर ती मनोरम दृश्यको कल्पना मात्र गरिरहेछु । यथार्थमा अहिले त्यहाँबाट धेरै टाढा ।